# लेखक परिचय

**इयान हार्पर** इडनबरा युनिभर्सिटिका प्राध्यापक हुन् । सन् १९९० पछि विभिन्न समयमा उनी नेपालमा बस्दै आएका छन् । साथै उनले नेपालको जनस्वास्थ्यका विभिन्न सवालमा काम र अनुसन्धान गरेका छन् । हाल उनी औषधि उद्योगबारे अनुसन्धान गर्दैछन् ।

**चिरन मानन्धर** समाजशास्त्रका विद्यार्थी हुन् । राजनीति र सहरी गरिबी उनको रुचिको क्षेत्र हो ।

**जगन्नाथ अधिकारी** मार्टिन चौतारीसँग संलग्न अनुसन्धाता हुन् । मानव भूगोलमा विद्यावारिधि गरेका अधिकारीले नेपालको प्राकृतिक स्रोत, कृषि, ग्रामीण अर्थतन्त्र, खाद्यसुरक्षा तथा सहरीकरण, र वैदेशिक रोजगारसम्बन्धी अध्ययन, अनुसन्धान गरेका छन् । उनका करिब एक दर्जन पुस्तक र प्रशस्त लेखहरू प्रकाशित छन् ।

**झलक सुवेदी** अर्थशास्त्री हुन् । राजनीतिक विश्लेषण उनको रुचिको क्षेत्र हो । उनको लेखनमा *नेपाली विद्यार्थी आन्दोलनको आधा शताब्दी* (२०४८) र सहसम्पादनमा *आमूल परिवर्तनको खाका* (२०६३) प्रकाशित छ । विभिन्न पत्रपत्रिकामा नेपाली राजनीति र द्वन्द्वसम्बन्धी लेखहरू प्रकाशित छन् ।

**पवन लोहनी**ले एमविए गरेका छन् । उनी विगत १५ वर्षदेखि स्थानीय निकाय र त्यसमा पनि विषेशगरी नगरपालिकाको वित्तीय व्यवस्थापनको क्षेत्रमा प्रशिक्षण सामग्री उत्पादन गर्ने, परामर्श दिने र प्राविधिक सेवा उपलब्ध गराउने काम गर्दै आएका छन् । उनको लेखनमा *नगरपालिकाको वित्तीय पुस्तिका* (सन् २००२) प्रकाशित छ ।

**पीताम्बर शर्मा**ले प्रादेशिक योजनामा विद्यावारिधि गरेका छन् । त्रिभुवन विश्वविद्यालयमा भूगोलशास्त्रमा २७ वर्षको प्राध्यापनको अनुभव सँगालेका शर्माको *उर्वनाइजेसन इन नेपाल* (सन् १९८९), *टुरिजम् एज डेभ्लोपमेण्ट* (सन् २०००) लगायत पुस्तकहरू प्रकाशित छन् । सहरीकरण, पहाडी विकास, प्रादेशिक योजना, पर्यटन आदि विषयमा उनका धेरै लेखहरू पुस्तक र पत्रपत्रिकामा प्रकाशित छन् ।

**प्रकाश अमात्य** २०५९ सालदेखि नागरिक समाजको गरिबमुखी खानेपानी आपूर्ति र सरसफाइ आन्दोलनमा संलग्न छन् । उनी सहरी पानी र सरसफाइमा कार्यरत गैससहरूको सञ्जाल गैसस मञ्चका कार्यकारी निर्देशक हुन् । उनले सूक्ष्म जीवविज्ञानमा त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर र इजरायलबाट पनि वातावरण व्यवस्थापनमा स्नातकोत्तर गरेका छन् ।

**मासाको तानाका** हाल नेपालमा बसिरहेकी विकासे कार्यकर्ता हुन् । उनी सन् १९९० को दशकमा 'लुमन्ती: आवासका लागि सहयोग समूह' मा स्वयंसवेक थिइन् । उनले काठमाडौंको सहरी सुकुमबासी, समुदायमा आधारित पानी व्यवस्थापन र किरायाको बसोबास जस्ता विषयमा अनुसन्धान गरेकी छन् ।

**राजेन्द्र गिरी**ले कानुन र अर्थशास्त्रमा स्नातकोत्तर गरेका छन् । उनी निजी तथा सार्वजनिक क्षेत्रको सांगठनिक र संस्थागत विकासका विशेषज्ञ हुन् । काठमाडौं

महानगरपालिका र अन्य नगरपालिका, जिल्ला विकास समिति र निजी क्षेत्रका संस्थाहरूको संस्थागत विकासमा उनले लामो अनुभव हासिल गरेका छन् ।

**राधा अधिकारी** नेपाल र बेलायतमा काम गरिसकेकी तालिम प्राप्त नर्स हुन् । नर्सहरूको बसाइँसराइमा हाल उनी इडनबरा विश्वविद्यालयबाट विद्यावारिधि गर्दै छिन् ।

**समिता भट्टराई**ले जवाहरलाल नेहरू विश्वविद्यालयबाट समाजशास्त्रमा स्नातकोत्तर गरेकी छन् । हाल उनी मार्टिन चौतारीमा औषधि उद्योग विषयक अनुसन्धानमा संलग्न छिन् । अपांगताका सवालहरूमा उनको रुचि छ ।

**सीजू उपाध्याय**को विकास कार्यमा एक दशक लामो अनुभव छ । विभिन्न पुस्तकमा विकास र अर्थतन्त्रसम्बन्धी उनका लेखहरू प्रकाशित छन् । हाल उनी विदेशी सहायताको राजनीति विषयमा पुस्तक सम्पादन गर्दै छिन् ।

**सुदर्शनराज तिवारी** प्राध्यापक हुन् । २०४४ देखि २०४८ सालसम्म उनी इन्जिनियरिङ अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालयका डिन थिए । उनको लेखनमा *द टेम्पल्स अफ नेपाल* (सन् १९८८), *द एन्सियन्ट सेटेलमेन्ट्स अफ काठमाडौँ भ्याली* (सन् २००१) र *द ब्रिक एण्ड द बुल* (सन् २००२) प्रकाशित छन् । वास्तुकलाको इतिहास र सांस्कृतिक संरक्षण उनको रुचि क्षेत्र हो ।